# गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाजुरा
सुदुरपश्चिम प्रदेश , नेपाल
☎ ९८४८४९२७२७


प. सं. ०८२।०८३ 
च. नं. ९१० 

मितिः२०८२।०७।१३
ने सं ११४६ कछलाथ्व अष्टमी

**विषयः कार्य संचालन गर्ने सम्बन्धमा ।**

श्री **RC Kailash Construction**
**Gaumul RM-2, Bajura.**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८१।०८।०६ गते प्रकाशित ठेक्का नं. **GRM/Bajura/Works/NCB/04/081-082** अन्तगर्त सिम देखी वडा नं १ को वडा कार्यालय अम्लिस सम्मको सडक निर्माण कार्यकालागी तहाँ फर्म आर सी कैलाश कन्ट्रक्सन र यस पालिका बिच मिति २०८१/१०/०४ गते सम्झौता भई कायदिश दिइएको कुरा तहाँ फर्मलाई अवगत नै होला। तहाँ फर्मले उक्त योजनाको कुनै पनि काम नगर्दा पहिलो पटक मिति २०८१।१२।०४ गतेको च नं ९६३ र दोस्रो पटक मिति २०८२।०२।१२ गतेको च नं ११९८को पत्र मार्फत काम संचालन गर्न अनुरोध गरीएको ब्यहोरा पनि अवगत भयो होला। यस कार्यालय बाट बारम्बार खबरदारी गर्दा पनि निर्माण स्थलमा नतिजा देखीने कुनै काम भएको नदेखीएकाले यस पत्रको मिति बाट १ हप्ता भित्र अनिवार्य काम संचालन गर्न हुन अनुरोध छ। यस कार्यालयको मिति २०८२।०३।१८को निर्णय अनुसार मिति २०८२ साल पौष मसान्त सम्म यस कार्यको म्याद थप भएकोमा हाल सम्म कुनै काम भएको नदेखीएकाले अब थप म्याद थप नहुने ब्यहोरा पनि अनुरोध छ।यदी उक्त अवधिमा पनि काम संचालन गरी निर्धारीत समयमा सम्पन्न नभएको पाईएमा तपाईलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम ठेक्का सम्झौता अन्त्य हुनेछ र उपदफा ८ बमोजिम काम बाफतको पुरै जमानत जफत गरी ठेक्का सम्झौता अन्त्य भएका कारणले सम्झौता बमोजिम कार्य पुरा गर्न आवश्यक रकम तहाँ फर्मबाट सरकारी बाँकी सरह असुल उपर गरीने ब्यहोरा अनुरोध छ ।

बोधार्थ
१. श्री अध्यक्ष ज्यू गौमुल गाँउपालिका ,जानकारीका लागी।
२. श्री उपाध्यक्ष ज्यू गौमुल गाँउपालिका , जानकारीका लागी।
३. श्री सुचना प्रबिधि अधिकृत ज्यू ,बेवसाईटमा अपलोड गरीदिन हुन।

(धर्म बहादुर खडायत)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत